# राजदेवी नगरपालिका
# Rajdevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat,
मधेश प्रदेश, नेपाल
MadheshProvince, Nepal

सम्पर्क :
प्रमुख ९८५५०४७२५१
उप प्रमुख ९८५५०४७२५२
प्र.प्र.अ ९८५५०४७२५३


पत्र संख्या :०८१/०८२
चलानी नं. :
प्राप्त प.सं./च.नं.

मिति : २०८१/१०/०८
ने.स. : ११४५ पोहेलागा, ७ मंगलवार

सूचना !!! सूचना !!! सूचना !!!

**निजी वन वृक्षारोपणका लागि अनुदान**

प्रस्तुत विषयमा यस राजदेवी नगरपालिका बाट आ.व.२०८१/८२मा संचालन हुने समृद्धिका लागि वन परियोजना कार्यक्रम अन्तर्गत निजी जग्गामा लैंगिक (महिला, दलित तथा विपन्न वर्गलाई प्राथमिकता) सुबिधा सहितको वृक्षारोपण/कृषि वनको स्थापनाको लागि कार्यसम्पादनमा आधारित वृक्षारोपण अनुदान कार्यक्रम कार्यन्वयनको लागि वृक्षारोपण/कृषि वन स्थापना गर्न इच्छुक कृषक/किसान, कृषक समूह, कृषि सहकारी तथा कृषि वन समुहले यो सूचना प्रकाशित मितिले १५दिन भित्रमा आवश्यक कागजातहरु सहित यस नगरपालिकाको वन तथा वातावरण शाखामा निवेदन दर्ता गराउनु हुन जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरु :**

- निवेदन ।
- जग्गा धनी प्रमाण-पुर्जाको प्रतिलिपि ।
- वन समुह, कृषि वन समुह, कृषक समुह, कृषि सहकारी दर्ताको प्रमाण पत्र ।
- समुह/सहकारी बैठकको प्रतिलिपि ।
- व्यक्ति/किसान वा समुहका सदस्यहरुको नेपाली नागरिकताको प्रतिलिपि ।
- सबभन्दा पछिल्लो पटक मालपोत तिरेको रसिदको प्रतिलिपि ।

शर्त : निजी वन वृक्षारोपण अनुदान कार्यक्रमका लागि सहभागी किसान/कृषक, कृषक समुह, वन समुह, कृषि सहकारीहरुले कम्तीमा १०० (एक सय) वटा (कृषिवन तथा फलफुल प्रजाति ) बिरुवा सहित कृषि वाली लगाउनु पर्नेछ । निजि वृक्षारोपण गरे बापतको अनुदान रकम वृक्षारोपण अनुदान निर्देशिका, २०८१ बमोजिम उपलब्ध गरिनेछ ।

नोट : बिस्तृत जानकारीको लागि राजदेवी नगरपालिकाको वन तथा वातावरण शाखा वा वन प्राविधिक अधिकृत श्री अनिल कुमार यादवलाई सम्पर्क गर्नुहुन अनुरोध छ । (९८६५०४९४१०)

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सुचना प्राविधि अधिकृत ज्यु, वेबसाइटमा अपलोड गरिदिनुहुन ।
श्री वडा कार्यलयहरु सबै, सूचना टाँस गरिदिनुहुन ।


वेबसाइट:- www.rajdevimun.gov.np
ईमेल- rajdevimata123@gmail.com, info@rajdevimun.gov.np,ito.rajdevimun@gmail.com


CamScanner